Bath&BodyWorks

**BATH & BODY WORKS**
**उत्पीडन, विभेद तथा प्रतिकार सूचित गर्ने मार्गदर्शन**

**परिचय**
Bath & Body Works ("कम्पनी") ले विश्वास गर्छ कि एसोसिएटहरूको चिन्ताहरूका बारेमा बुझ्दा, अनुसन्धान गर्दा र उपयुक्त हुँदा प्रतिक्रिया दिँदा समस्याहरूलाई जरैबाट हटाएर र आइपर्दा सुधार गरेर कार्यस्थल सन्तुष्टिको प्रवर्द्धन हुन्छ र कार्यस्थलको समग्र रूपमा सुधार गर्छ। कम्पनीको यौन उत्पीडन रोकथाम नीति, शिष्टाचार, गैर-विभेद र अन्य उत्पीडन नीति तथा गैर-प्रतिकार नीतिको सम्भावित उल्लङ्घनहरूलाई कसरी र कहाँ सूचित गर्ने भन्ने बारेमा एसोसिएटहरूलाई स्पष्ट निर्देशनहरू प्रदान गर्न हामीले यस उत्पीडन, विभेद र प्रतिकार सूचित गर्ने मार्गदर्शन ("मार्गदर्शन") लाई अपनाएका छौँ। यस मार्गदर्शन सबै एसोसिएटहरूका लागि लागू हुन्छ (सामूहिक रूपमा "एसोसिएटहरू")

**उजुरी प्रक्रिया: आन्तरिक**
यदि तपाईंले त्यस्तो कुनै पनि व्यवहारको सामना गर्नुभएको छ जसले कम्पनीको यौन उत्पीडन रोकथाम नीति, शिष्टाचार, गैर-विभेद र अन्य उत्पीडन नीति तथा गैर-प्रतिकार नीतिको वा अन्य नीतिको उल्लङ्घन गरेको जस्तो तपाईंलाई लागेको छ भने वा तपाईंले कुनै यस्तो व्यवहारको प्रत्यक्षदर्शी हुनुहुन्छ भने, तपाईंले तुरुन्तै त्यस्तो व्यवहारलाई मौखिक रूपमा वा लिखितमा सूचित गर्नुपर्छ। तपाईंले कुनै पनि निम्न आन्तरिक संसाधनहरूसँग बोल्न, लेख्न वा सम्पर्क गर्न पनि सक्नुहुन्छ।

- तपाईंका सीधा माथिका पर्यवेक्षक वा यदि उक्त व्यवहारमा तपाईंका सीधा माथिका पर्यवेक्षक संलग्न छन् भने, कुनै अरू व्यवस्थापक वा पर्यवेक्षक;
- तपाईंका मानव संसाधन साझेदार;
- विश्वव्यापी नीति र अनुपालन ethicsandcompliance@bbw.com मार्फत; वा
- नैतिकता हटलाइन।
    - नैतिकता हटलाइनलाई एउटा स्वतन्त्र तेस्रो पक्षले सञ्चालन गर्छ र यसले व्यक्तिहरूलाई अनाम रूपमा (कानुनले दिएको हदसम्म) मामिलाहरू सूचित गर्न सक्षम गराउँछ र अङ्ग्रेजी भन्दा कुनै अन्य भाषामा सूचना दिने एसोसिएटहरूलाई समर्थन गर्न अनुवादन सेवाहरू प्रदान गर्छ।
    - नैतिकता हटलाइनबाट सूचित गरिएका जानकारीहरूलाई सूचना जान्न आवश्यक निश्चित विभागहरूसँग मात्र साझा गरिन्छ, जस्तै विश्वव्यापी नैतिकता र अनुपालन, मानव संसाधन र/वा कानुन विभाग।

मोडलहरू सहितका ठेकेदारहरूले यौन उत्पीडन रोकथाम नीति, शिष्टाचार, गैर-विभेद र अन्य उत्पीडन नीति वा गैर-प्रतिकार नीतिको उल्लङ्घनहरूलाई कुनै पनि कम्पनी व्यवस्थापकलाई, फोटोसुट निरिक्षकलाई वा नैतिकता हटलाइनमार्फत कम्पनीलाई सीधा रूपमा सूचित गर्न सक्छन्।

तपाईंको कम्पनी सक्दो हदसम्म विस्तृत हुनुपर्छ, जसमा संलग्न सबै व्यक्तिहरू र कुनै पनि प्रत्यक्षदर्शीहरूको नामहरू समेत समावेश गरिनुपर्छ।

**अनुसन्धान**
उजुरी प्राप्त गरेपश्चात, हामी अन्तरिम उपचारात्मक उपायहरू लागू गर्छौँ र उपयुक्त भए अनुरूप सहायता स्थानको व्यवस्था गर्छौँ जसले गर्दा उजुरीकर्ताको सुरक्षा, स्वास्थ्य, मानसिक हित र काम गर्न सक्ने क्षमताको सुनिश्चितता कायम गर्न सकियोस्, जस्तै उदाहरणका लागि, उजुरीमा आरोपितलाई उजुरीकर्ता (जुन व्यक्तिले उजुरी दायर गरेका हुन्) सँग सञ्चार गर्नबाट पन्छिने निर्देशन दिने, परामर्श प्रदान गर्ने वा उजुरीकर्तालाई भुक्तानी हुने गरी बिदा प्रदान गर्ने, आदि। एक सुरुवाती अनुसन्धानपछि यदि आरोपित व्यवहारले यौन उत्पीडन रोकथाम नीति, शिष्टाचार, गैर-विभेद र अन्य उत्पीडन नीति, गैर-प्रतिकार नीति, वा अन्य नीतिको उल्लङ्घन गरेको स्थापित गर्ने किसिमको पर्याप्त जानकारी रहेको देखिएमा कम्पनी एक अनुसन्धान तर्फअघि बढ्छ।

अनुसन्धानकर्ताहरूले एउटा शीघ्र, विस्तृत अनुसन्धान एक निष्पक्ष तरिकाले सञ्चालन गर्ने छ जसले सबै पक्षहरूलाई उपयुक्त योग्य प्रक्रिया प्रदान गर्छ र सङ्कलन गरिएका प्रमाणहरूको आधारमा उचित निष्कर्षहरूमा पुग्ने छ। उजुरीकर्ता र दुराचारको आरोपित व्यक्तिको तोकिएका अनुसन्धानकर्ताले बेग्लै रूपमा अन्तर्वार्ता लिने छन् र उनीहरूलाई अनुसन्धानकर्तालाई बेग्लै प्रमाणहरू प्रदान गर्नका लागि अनुमति दिइने छ। यौन उत्पीडन, लैङ्गिक विभेद अथवा यौन उत्पीडन वा लैङ्गिक विभेदको आधारमा प्रतिकारबारे मामलाहरू उठाएका एसोसिएटहरूले कुनै त्यस्ता व्यक्तिसँग आउन पाउने छन् जसको एकमात्र

भूमिका भनेको उजुरीकर्तालाई भावनात्मक सहायता प्रदान गर्ने हो तर अन्यथा त्यस्ता व्यक्ति अनुसन्धानात्मक प्रक्रियामा सहभागी हुन पाउने छैनन्। यी व्यक्ति कानुनी परामर्शदाता पनि हुन पाउँदैनन्।

हामी उपयुक्त दस्तावेजीकरण र ट्र्याकिङ पनि कायम गर्ने छौँ। सम्भव हुने हदसम्म र व्यावहारिक भएसम्म, हामी उजुरीकर्ता, प्रत्यक्षदर्शी, उत्तरदाता र अनुसन्धानको दौरानमा प्राप्त जानकारीहरूको गोपनीयता कायम राख्ने छौँ।

**अनुसन्धानको परिणाम**

अनुसन्धानको दौरानमा सङ्कलन गरिएका जानकारीको व्यवहारिक मूल्याङ्कनको आधारमा कुनै नीतिलाई उल्लङ्घन गरिएको छ भन्ने कुरा अनुसन्धानको अन्त्यमा कम्पनीले निर्धारण गर्ने छ। कम्पनीले उजुरीकर्तालाई र आरोपितलाई अनुसन्धानको परिणामका बारेमा सूचित गर्ने छ। कम्पनीले उपचारात्मक कारबाही र समाधानहरूका लागि उपयुक्त र सापेक्ष विकल्पहरूका बारेमा विचार गर्ने छ र यदि दुराचार भेटिएमा, शीघ्र सुधारात्मक कारबाही लिने छ। उपचारात्मक कारबाहीमा समावेश हुने, तर त्यतिमा मात्रै सीमित नहुने कुराहरूमा मौखिक वा लिखित परामर्श, औपचारिक परामर्शमा रिफरल (संप्रेषण), अनुसन्धानात्मक कारबाही वा निश्चित परिक्षणकालीन नियन्त्रणहरू, र रोजगारीबाट निष्कासन।

यस नीति वा यौन उत्पीडन रोकथाम नीति, शिष्टाचार, गैर-विभेद र अन्य उत्पीडन नीति वा गैर-प्रतिकार नीतिबाट कुनै पनि एसोसिएटहरूले छुट प्राप्त गर्ने छैनन्। दुराचारमा संलग्न भएको प्रमाणित व्यक्तिहरूलाई निष्पक्ष तरिकाहरूले उत्तरदायी मानिने छ र उनीहरूको कम्पनीमा भएको भूमिकालाई वास्ता नगरिकन उनीहरूलाई उपयुक्त किसिमले कारबाही गरिने छ। यद्यपि, हाम्रो नीतिहरूको अन्तर्गतमा रहेर उठाइएका गुनासोहरूलाई एसोसिएहरूलाई अन्य कारणहरूका लागि कारबाही गर्नको निम्ति बहानाको रूपमा प्रयोग गरिने छैन। यसको अतिरिक्त, यस्तो दुराचार कानुनको उल्लङ्घनको स्तरसम्म पुगेमा त्यस्ता एसोसिएटहरूलाई व्यक्तिगत रूपमा त्यस्तो दुराचारका लागि जिम्मेवार ठहराइने छ।

**सूचित गर्ने**

हामी यौन उत्पीडन रोकथाम, शिष्टाचार, गैर-विभेद र अन्य उत्पीडन रोकथाम नीति वा गैर-प्रतिकार नीति र अन्य नीतिहरू लागू गर्नको निम्ति प्रतिबद्ध रहेका छौँ। यद्यपि, एसोसिएटहरूबाट कुनै पनि कार्यस्थलको दुराचारहरूका बारेमा हामीलाई भन्नुमा हाम्रा प्रयासहरूका प्रभावकारिता भर पर्छ। यदि तपाईंलाई लाग्छ कि तपाईं वा अरू कसैले त्यस्तो आचारहरू भोगेको छ, जसले हाम्रो नीतिको उल्लङ्घन गर्छ, तपाईंले त्यस बारेमा तुरुन्तै सूचित गर्नुपर्छ। यदि एसोसिएटहरूले दुराचारका बारेमा सूचित गरेनन् भने हामी यस्ता नीतिहरूका सम्भावित उल्लङ्घनहरू बारेमा सचेत नबन्न सक्छौँ र त्यसले गर्दा हामी उपयुक्त सुधारात्मक कारबाही लिन असक्षम बन्न सक्छौँ।

**पर्यवेक्षकका जिम्मेवारीहरू**

पर्यवेक्षक र व्यवस्थापकहरूमा – यस्ता पदमा कुनै अल्पकालिन क्षमतामा हुँदा समेत – आफू सचेत भएका यौन वा अन्य उत्पीडन, विभेद, प्रतिकार, वा अन्य दुराचारसम्बन्धी घटनाहरूलाई सूचित गर्ने जिम्मेवारी रहेको हुन्छ। यस्तो किसिमका आचारहरू देख्ने वा दुराचारका उजुरीहरू प्राप्त गर्ने पर्यवेक्षक र व्यवस्थापकहरूले उक्त व्यवहारका बारेमा आफ्ना मानव संसाधन साझेदार वा विश्वव्यापी नैतिकता र अनुपालनलाई अनिवार्य रूपमा सूचित गर्नुपर्छ जसले गर्दा कम्पनीले अनुसन्धान गर्न सक्छ र उपयुक्त भएमा सुधारात्मक कारबाही गर्न सक्छ।

**यस नीतिको प्रशासन**

यस नीतिको प्रशासनका लागि विश्वव्यापी नैतिकता र अनुपालन जिम्मेवार रहेको छ। यदि यस नीतिका बारेमा तपाईंसँग कुनै प्रश्नहरू छन भने कृपया विश्वव्यापी नैतिकता र अनुपालनलाई ethicsandcompliance@bbw.com मा सम्पर्क गर्नुहोस्।

**Bath&BodyWorks**

**परिशिष्ट क**
**यौन उत्पीडनका बारेमा थप क्षेत्राधिकार-विशेष जानकारी**

***क्यालिफोर्निया एसोसिएटहरू***

कम्पनीका सबै एसोसिएटहरूले लागू हुने कानुन अनुरुप एक उत्पीडन रोकथाम तालिम लिनु आवश्यक हुन्छ। यस तालिम आवश्यकताका बारेमा थप जानकारीका लागि, एसोसिएटहरू जान सक्नुहुन्छ निम्न वेबसाइटमा https://calcivilrights.ca.gov/shpt/.

***कनेक्टिकट एसोसिएटहरू***

कनेक्टिकट साधारण विधानहरू (Connecticut General Statutes)को § 46a-60(a)(8) र 1964, 42 U.S.C. § 2000e et seq. को शीर्षक VIIको अनुसरण गरेर कनेक्टिकट र संघीय कानुनले कार्यस्थलमा यौन दुर्व्यवहारलाई गैर-कानुनी र प्रतिबन्धित गरेको छ।

एसोसिएटहरूलाई आन्तरिक रूपमा दाबी सूचित गर्नको निम्ति प्रोत्साहन गरिएपनि, यदि कुनै एसोसिएटले आफूले यौन उत्पीडन भोगेको विश्वास गर्छन् भने, उक्त एसोसिएटले कनेक्टिकत मानव अधिकार र अवसर आयोग (Connecticut Commission on Human Rights and Opportunities) ( "आयोग" भनेर सम्बोधन गरिएको)लाई 860-541-3400 वा कनेक्टिकट टोल-फ्रि 1-800-477-5737मा, वा अनलाइनमा www.ct.gov/CHROमार्फत सम्पर्क गर्न सक्नुहुन्छ।

यौन उत्पीडकको कार्यमा संलग्न भएका व्यक्तिहरू नागरिक दण्डहरूका योग्य बन्न सक्छन् जसअन्तर्गत एक रोक्ने र बन्द गर्ने आदेश, पछि भुक्तानी गर्नुपर्ने आदेश, प्रतिपूरक क्षतिपूर्ति, भर्ती, बढुवा वा पुनर्नियुक्ति, भावनात्मक कष्ट र साथै वकिलको शुल्क, खर्चहरू, निर्णयको पूर्व वा पश्चातका ब्याज र दण्डात्मक क्षतिमूल्यहरू दिन सकिन्छ (यदि उक्त मुद्दालाई अदालतमा लगिएमा)। यौन उत्पीडनको कार्यहरूबाट आउन सक्ने थप आपराधिक जरिवानाहरूको पनि व्यक्तिहरूलाई योग्य बन्न सक्छन्।

दाबी गरिएको उत्पीडनको 300 दिन भित्र एक लिखित उजुरी दर्ता गर्नका निम्ति कनेक्टिकटको कानुनले आवश्यक मानेको छ।

***इलिनोइय एसोसिएट***

इलिनोय मानव अधिकार ऐन (Illinois Human Rights Act) (यहाँ "ऐन" वा "Act" भनेर सम्बोधन गरिएको) र शिकागो शहर मानव अधिकार अध्यादेश (यहाँ "अध्यादेश" वा "Ordinance" भनेर सन्बोधन गरिएको)को अनुपानलमा रहँदा, सबै एसोसिएटहरूलाई गैर-कानुनी विभेद वा यौन उत्पीडनबाट मुक्त हुने अधिकार रहेको छ। यसको अर्थ जाति, उमेर, लिङ्ग, गर्भावस्था, अपाङ्गता, यौन अभिमुखीकरण वा ऐन वा अध्यादेशमा नामित कुनै पनि अन्य संरक्षित वर्गको आधारमा रोजगारदाताहरूले मानिसहरूलाई भिन्न व्यवहार गर्न पाउँदैनन्। यस्तो भर्ती, बढुवा, अनुशासन र निष्कासन सहितका सबै रोजगारदाता कार्यहरूमा लागू हुन्छ। यौन उत्पीडन गैर-कानुनी रहेको छ र कम्पनीले यस्ता कार्यहरू र व्यवहारहरूलाई स्पष्ट रूपमा प्रतिबन्धित गरेको छ।

यौन उत्पीडनको अर्थ कुनै पनि (i) स्वागत नगरिएको यौन-सम्बन्धित पहुँचहरू वा कुनै पनि यौनिक प्रकारको स्वागत नगरिएको आचार; वा (ii) यौन कार्य गर्ने आग्रहहरू वा यौनिक प्रकारको आचार जब (1) यस्तो किसिमको आचारको स्वीकार गर्नुलाई एक व्यक्तिको रोजगारीको एक सर्त वा पूर्वसर्तको रूपमा प्रत्यक्ष वा निहित रूपमा व्यक्त गरिनु (2) एक व्यक्तिले यस्तो किसिमको आचारलाई स्वीकार वा अस्वीकार गर्नु त्यस व्यक्तिलाई असर गर्ने रोजगारी सम्बन्धित निर्णयहरू गर्ने आधारको रूपमा लिइनु (3) यस्तो आचारको उद्देश्य वा असर कुनै व्यक्तिको कार्य वातावरणसँग उल्लेख्य किसिमले हस्तक्षेप गर्नु वा एक त्रासपूर्ण, प्रतिकूल वा आक्रामक कार्य वातावरण बनाउनु हो; वा (iii) यौन दुराचार, अर्थात कुनै पनि यौनिक प्रकारको कुनै व्यवहार जसमा दबाव, अख्तियारको दुरुपयोग, वा एक व्यक्तिको रोजगार पदको दुरुपयोग समावेश रहेको हुन्छ।

**एसोसिएटहरूसँग गर्भावस्था** र अपाङ्गताको आधारमा व्यावहारिक कार्यस्थल व्यवस्थामा पहुँच गर्ने अधिकार पनि रहेको हुन्छ। यसको अर्थ गर्भावस्था वा अपाङ्गताले गर्दा एसोसिएटहरूले आवश्यक परेमा आफ्नो रोजगारीका लागि व्यवहारिक परिवर्तनहरूको आग्रह गर्न सक्छन्। विभेद वा यौन उत्पीडनलाई सूचित गरेको कारणले, कुनै अनुसन्धानमा सहभागी भएको कारणले अथवा विभेद वा यौन उत्पीडन सम्बन्धित उजुरी गर्ने अरूको अधिकारको प्रयोग गर्न मद्दत दिएको हुनाले मानिसहरूसँग फरक किसिमले व्यवहार गर्नु वा कुनै एसोसिएटविरुद्ध प्रतिकार गर्नु पनि रोजगारदाताका लागि गैर-कानुनी हो।

Bath&Body Works

कम्पनीको आन्तरिक उजुरी प्रक्रियाबाहेक पनि, एसोसिएटहरूले **इलिनोय** मानव अधिकार विभाग (Illinois Department of Human Rights - "IDHR")मा एउटा विभेद वा यौन उत्पीडनको अभियोग/उजुरी दर्ता गर्ने विकल्पको प्रयोग गर्न सक्छन् जुन निम्नमा वा कम्पनीको उत्पीडन, विभेद र प्रतिकार सूचित गर्ने मार्गदर्शनमा राखिएका अन्य एजेन्सीहरू मार्फत हुन सक्छ।

www.illinois.gov/dhr मा रहेको फारमलाई पूरा गरेर वा IDHRलाई IDHR.Intake@illinois.gov मा वा कम्पनीको उत्पीडन, विभेद र प्रतिकार सूचित गर्ने मार्गदर्शनमा राखिएका **शिकागो** अफिस वा स्प्रिङ्गफिल्ड कार्यालयको सम्पर्क जानकारी मार्फत सम्पर्क गरेर कानुनको उल्लङ्घनको अभियोग प्रक्रियालाई सुरू गर्न सकिन्छ।

**एसोसिएटहरूले इलिनोय यौन उत्पीडन र विभेद हेल्पलाइनलाई पनि** 1-877-236-7703 **मा सम्पर्क गर्न** सक्छन्।

***शिकागो** एसोसिएटहरू*

यौन उत्पीडनको परिभाषा

**शिकागो**को म्युनिसिपल संहिता (Municipal Code of Chicago) § 6-10-020(m)ले यौन उत्पीडनलाई परिभाषित गरे अनुरुप कुनै पनि:

(i) स्वागत नगरिएको यौन-सम्बन्धित पहुँचहरू वा कुनै पनि यौनिक प्रकारको स्वागत नगरिएको आचार; वा

(ii) यौन कार्य गर्ने आग्रहहरू वा यौनिक प्रकारको आचार जब (1) यस्तो किसिमको आचारको स्वीकार गर्नुलाई एक व्यक्तिको रोजगारीको एक सर्त वा पूर्वसर्तको रूपमा प्रत्यक्ष वा निहित रूपमा व्यक्त गरिनु (2) एक व्यक्तिले यस्तो किसिमको आचारलाई स्वीकार वा अस्वीकार गर्नु त्यस व्यक्तिलाई असर गर्ने रोजगारी सम्बन्धित निर्णयहरू गर्ने आधारको रूपमा लिइनु (3) यस्तो आचारको उद्देश्य वा असर कुनै व्यक्तिको कार्य वातावरणसँग उल्लेख्य किसिमले हस्तक्षेप गर्नु वा एक त्रासपूर्ण, प्रतिकूल वा आक्रामक कार्य वातावरण बनाउनु हो; वा

(iii) यौन दुराचार, अर्थात कुनै पनि यौनिक प्रकारको कुनै व्यवहार जसमा दबाव, अख्तियारको दुरुपयोग वा एक व्यक्तिको रोजगार पदको दुरुपयोग समावेश रहेको हुन्छ।

यौन उत्पीडनको घटनालाई सूचित गरेको कारणले यौन उत्पीडन वा प्रतिकार गर्न **शिकागो**मा गैर-कानुनी रहेको छ।

तालिम आवश्यकताहरू

**शिकागो** शहरभित्र काम गरिरहेका सबै एसोसिएटहरूलाई वार्षिक रूपमा एक घण्टाको यौन उत्पीडन रोकथाम तालिम र एक घण्टाको दर्शक तालिम लिन आवश्यक हुन्छ भने एसोसिएटहरूलाई पर्यवेक्षण गर्ने वा व्यवस्थापन गर्ने सबै व्यक्तिहरूलाई कम्तीमा दुई घण्टाको यौन उत्पीडन रोकथाम तालिम र एक घण्टाको दर्शक तालिम लिन आवश्यक हुन्छ।

***मेइन एसोसिएटहरू***

एसोसिएटहरूलाई आन्तरिक रूपमा दाबी सूचित गर्नको निम्ति प्रोत्साहन गरिए पनि, यदि कुनै एसोसिएटले आफूले यौन उत्पीडन भोगेको विश्वास गर्छन् भने, उक्त एसोसिएटले तल राखिएका सरकारी एजेन्सी वा एजेन्सीहरूमा एउटा औपचारिक उजुरी दर्ता गर्न सक्छन्। कम्पनीको उजुरी प्रक्रियाको प्रयोग गर्नाले कुनै एसोसिएटले कम्पनीको उत्पीडन, विभेद र प्रतिकार सूचित गर्ने मार्गदर्शनमा राखिएको मेइन मानव अधिकार आयोग (Maine Human Rights Commission)को सम्पर्क जानकारीमार्फत एक उजुरी दायर गर्नबाट प्रतिबन्ध लाग्ने स्थिति हुँदैन। उत्पीडनको भएको मितिको 300 दिनभित्र एसोसिएटहरूले मेइन मानव अधिकार आयोग (Maine Human Rights Commission)मा एक लिखित उजुरी दर्ता गर्न सक्छन्।

***म्यासेच्युसेट्स एसोसिएटहरू***

एसोसिएटहरूलाई आन्तरिक रूपमा दाबी सूचित गर्नको निम्ति प्रोत्साहन गरिए पनि, यदि कुनै एसोसिएटले आफूले यौन उत्पीडन भोगेको विश्वास गर्छन् भने, उक्त एसोसिएटले विभेद विरुद्धको म्यासेच्युसेट्स आयोग (Massachusetts Commission Against Discrimination - MCAD)मा वा संघीय समान रोजगार अवसर आयोग (Federal Equal Employment Opportunity Commission - EEOC)मा वा कम्पनीको उत्पीडन, विभेद र प्रतिकार सूचित गर्ने मार्गदर्शनमा राखिएका सरकारी एजेन्सी वा एजेन्सीहरूमा राखिएका सम्पर्क जानकारीमार्फत एउटा औपचारिक उजुरी दर्ता गर्न सक्छन्।

*न्युयोर्क एसोसिएटहरू*

राज्य मानव अधिकार कानुन (State Human Rights Law - HRL)

न्युयोर्क राज्यका रोजगारदाताहरूलाई मानव अधिकार कानुन (Human Rights Law - HRL), जसलाई N.Y कार्यकारी कानुन, art. 15, § 290 *et seq.*मा सम्मिलित गरिएको छ, लागू हुन्छ र यसले आप्रवासन स्थितिलाई वास्ता नगरिकन एसोसिएट, भुक्तानी पाउने वा नपाउने इन्टर्नहरू र गैर-कर्मचारीहरूको सुरक्षा गर्छ। मानव अधिकार कानुनको उल्लङ्घन भएको जनाउने उजुरी कि त DHRमा वा न्युयोर्क राज्य उच्च अदालत (New York State Supreme Court)मा दर्ता गर्न सकिन्छ।

DHR मा उत्पीडन भएको तीन वर्षभित्र कुनै पनि समयमा उजुरी दर्ता गर्न सकिन्छ। यदि कुनै व्यक्तिले DHRमा दर्ता गरेनन् भने, आरोपित विभेदको तीन वर्ष भित्रै तिनले HRL अन्तर्गत रहेको राज्य अदालतमा सिधा मुद्दा हाल्न पाउँछन्। कुनै व्यक्तिले पहिले नै राज्य अदालतमा एक HRL उजुरी दर्ता गरेका छन् भने तिनले DHRसँग दर्ता गर्न पाउँदैनन्।

Bath & Body Works मा आन्तरिक रूपमा गुनासो राख्नाले DHRमा वा अदालतमा तपाईंले दर्ता गर्नुहुने समयसीमालाई बढाउँदैन। उत्पीडनको सबैभन्दा पछिल्लो घटनाको मितिबाट यो तीन वर्षे अवधिको गणना गरिन्छ।

तपाईंले DHRमा कुनै उजुरी दर्ता गर्नका लागि तपाईंलाई कुनै वकिल चाँहिदैन र DHR मा दर्ता गर्नका लागि कुनै पनि शुल्क लाग्दैन।

DHR ले तपाईंको उजुरीको अनुसन्धान गर्छ र विभेद भएको विश्वास गर्न सकिने कुनै सम्भावित कारण रहेको छ कि छैन भन्ने कुरा निर्धारण गर्छ। एक प्रशासनिक कानुन न्यायाधीशको अगाडि एउटा सार्वजनिक सुनुवाइमा सम्भावित कारण भएका मामिलाहरूलाई अगाडि बढाइन्छ। यदि उत्पीडन कुनै सुनुवाइ पश्चात भएको देखिएमा, DHRसँग राहत प्रदान गर्ने शक्ति रहेको छ, जुन विभिन्न हुन सक्छ तर तपाईंका रोजगारदातालाई उत्पीडन रोक्नका लागि कार्य गर्न लगाउने यसमा समावेश हुन सक्छन् वा भएका हानिलाई निवारण गर्ने कार्यहरू जसमा आर्थिक क्षति, अधिवक्ताको शुल्क र नागरिक जरिवानाहरू समावेश हुन सक्छन्।

DHR को मुख्य कार्यालय सम्पर्क जानकारी निम्न रहेको छ: NYS मानव अधिकार विभाग (NYS Division of Human Rights), One Fordham Plaza, Fourth Floor, Bronx, New York 10458, (718) 741-8400, www.dhr.ny.gov.

एउटा उजुरी दर्ता गर्ने बारेमा थप जानकारीका लागि DHR लाई (888) 392-3644 मा सम्पर्क गर्नुहोस् वा dhr.ny.gov/complaint मा जानुहोस्। यस वेबसाइटमा एउटा गुनासो फारम रहेको छ जसलाई डाउनलोड गर्न, भर्न र DHR लाई मेल गर्न सकिन्छ। यस वेबसाइटमा DHRको न्युयोर्क राज्य भरी रहेका क्षेत्रीय कार्यालयहरूको सम्पर्क जानकारी पनि रहेको छ।

1964 को नागरिक अधिकार ऐन (Civil Rights Act of 1964)

EEOC ले संघीय गैर-विभेद कानुनहरू लागू गराउँछ, जसमा 1964 संघीय नागरिक अधिकार ऐनको शीर्षक VII (42 U.S.C. § 2000e *et seq.* भनेर सम्मिलित गरिएको) समावेश गरिएको छ। कुनै व्यक्तिले उत्पीडनको दिनबाट 300 दिनभित्र EEOCमा एक लिखित उजुरी दर्ता गर्न सक्छन्। EEOC मा उजुरी दर्ता गर्दा कुनै शुल्क लाग्दैन्। EEOC ले तपाईंको उजुरीको अनुसन्धान गर्छ र विभेद भएको विश्वास गर्न सकिने कुनै सम्भावित कारण रहेको छ कि छैन भन्ने कुरा निर्धारण गर्छ, जस पश्चात EEOC ले व्यक्तिलाई संघीय अदालतमा एउटा उजुरी दर्ता गर्न व्यक्तिलाई एक मुद्दा गर्ने अधिकार पत्र जारी गर्छ।

EEOC ले सुनुवाइ गर्ने वा राहत प्रदान गर्ने कार्य गर्दैन्, तर अन्य कारबाहीहरू लिन सक्छ जसमा गुनासो गर्ने पक्षहरूको तर्फबाट मुद्दा अगाडि बढाउने कार्य समेत समावेश रहेको छ। यदि विभेद भएको पत्ता लागेमा संघीय अदालतहरूले उपचारहरू पनि प्रदान गर्न सक्छ। आम रूपमा, EEOC को क्षेत्राधिकार भित्र आउनका लागि निजी रोजगारदाताहरूसँग कम्तीमा 15 रोजगारदाताहरू हुनुपर्छ।

यदि कुनै एसोसिएटलाई आफूलाई काममा विभेद गरिएको विश्वास छ भने तिनले एउटा "विभेदको अभियोग" ("Charge of Discrimination) दर्ता गर्न सक्छन्। EEOCका डिस्ट्रिक्ट, क्षेत्र (एरिया) र फिल्ड कार्यालयहरू छन् जहाँ उजुरी दर्ता गर्न सकिन्छ। EEOC लाई सम्पर्क गर्नुहोस् कल गरेर 1-800-669-4000 (1-800-669-6820 (TTY)) मा, www.eeoc.gov मा गएर वा इमेलमार्फत info@eeoc.gov बाट।

यदि कुनै व्यक्तिले DHR सँग एक प्रशासनिक उजुरी दर्ता गरेमा, DHR ले संघीय अदालतमा अगाडि बढ्ने अधिकारलाई सुरक्षा गर्नका लागि उक्त उजुरीलाई EEOC सँग दर्ता गर्ने छ।

स्थानीय संरक्षणहरू

धेरै स्थानीय निकायहरूले यौन उत्पीडन र विभेदबाट व्यक्तिहरूलाई रक्षा गर्नका लागि कानुनहरू लागू गर्छन्। कुनै व्यक्तिले आफूले काम गर्ने काउन्टी, शहर वा बजारमा सम्पर्क गरेर त्यस्तो कुनै कानुन रहेको छ वा छैन भन्ने बारेमा बुझ्न सक्नुहुन्छ। उदाहरणका लागि, न्युयोर्क शहरमा काम गर्ने एसोसिएटहरूले यौन उत्पीडनका उजुरीहरू न्युयोर्क शहर मानव अधिकार आयोग (New York City Commission on Human Rights) मा दर्ता गर्न सक्छन्। न्युयोर्क शहर मानव अधिकार आयोग (NYC Commission on Human Rights)को कानुन प्रवर्तन ब्यूरो (Law Enforcement Bureau)मा रहेको मुख्य कार्यालयमा सम्पर्क गर्नुहोस्, 22 Reade Street, 3rd Floor, New York, New York 10007; कल गर्नुहोस् 311 वा (212) 306-7450मा; वा निम्न वेबसाइटमा जानुहोस्: www.nyc.gov/html/cchr/html/home/home.shtml

स्थानीय प्रहरी विभाग (Local Police Department) लाई सम्पर्क गर्नुहोस्

यदि कुनै उत्पीडनमा भौतिक स्पर्श, बाध्यकारी भौतिक कैद वा बाध्यकारी यौन कार्यहरू संलग्न रहेको छ भने, यस्तो दुराचार अपराध बन्छ। स्थानीय प्रहरी विभागलाई सम्पर्क गर्नुहोस्।

न्युयोर्क मानव अधिकार विभाग (New York State Division of Human Rights) को हटलाइन

न्युयोर्क राज्य मानव अधिकार विभाग (New York State Division of Human Rights) ले यौन उत्पीडन भोगिरहेको भन्ने विश्वास गर्ने व्यक्तिहरूलाई सुझाव र सहायता प्रदान गर्नका लागि एउटा निःशुल्क (टोल-फ्रि) हटलाइनको स्थापना गरेको छ। एसोसिएटहरूले यौन उत्पीडन हटलाइनलाई 1-800-HARASS-3 मा कल गर्न सक्छन् सोमवारदेखि शुक्रवार, बिहान 9:00 बजेदेखि साझँ 5:00 बजेसम्म।

***ओरेगन एसोसिएटहरू***

गैर-खुलासा वा गैर-अपमान सम्झौताहरू

यस नीतिको अन्तर्गत, एउटा गैर-खुलासा सम्झौता भनेको कुनै पनि त्यस्तो सम्झौता हो जसमा एक वा बढी पक्षहरूले काम-सम्बन्धित उत्पीडन, विभेद, वा यौन दुर्व्यवहारको कुनै पनि उजुरी सम्बन्धित जानकारीलाई, जसमा कुनै समाधानको रकम वा सर्तहरू समेत समावेश रहेका हुन्छन्, छलफल नगर्ने वा खुलासा नगर्ने एक सम्झौता हो।

एक *गैर-तिरस्कार सम्झौता* भनेको कुनै पनि त्यस्तो सम्झौता हो जसमा एक वा बढी पक्षहरूले कुनै पनि अर्को पक्ष वा कम्पनीको बदनामी हुने किसिमको अथवा नकारात्मक वा तिरस्कारपूर्ण लिखित वा मौखित बयान दिने कार्य नगर्ने सम्झौता गर्छन्।

एक गैर-पुनर्भरण व्यवस्था भनेको एक त्यस्तो सम्झौता हो जसले एक एसोसिएटलाई कम्पनीमा फेरि रोजगारी प्राप्त गर्नबाट वञ्चित गर्छ र त्यस्ता व्यक्तिलाई कम्पनीले भविष्यमा पुनर्भरण गर्न अनुमति प्रदान गर्छ।

Bath & Body Works ले ओरेगनभित्र कुनै भूतपूर्व, वर्तमान वा सम्भावित एसोसिएटलाई कुनै पनि त्यस्तो सम्झौतामा प्रवेश गर्नका लागि आवश्यक गराउँदैन यदि त्यस्तो सम्झौताको उद्देश्य वा असरले गर्दा एसोसिएट विभेद, उत्पीडन वा यौन दुर्व्यवहारको खुलासा गर्न वा छलफल गर्न वञ्चित हुन्छन्।

यद्यपि विभेद, उत्पीडन वा यौन दुर्व्यवहारले दुखित भएको दाबी गर्ने कुनै पनि एसोसिएटले एक गैर-खुलासा, गैर-तिरस्कार वा गैर-पूनर्भरण व्यवस्था सहितको एक समाधान, विछोड वा विच्छेद सम्झौतामा प्रवेश गर्नका लागि स्वेच्छाले अनुरोध गर्न सक्छन् र त्यस्तो कुनै पनि सम्झौतालाई रद्द गर्नका लागि कम्तीमा सात दिन प्राप्त गर्ने छन्। Bath & Body Works ले यस्ता सर्तहरूको आग्रह गर्ने पूर्वसर्त रहेका सम्झौतालाई प्रस्ताव गर्ने छैन।

समय सीमाहरू

यस नीतिमा रहेका कुनै पनि कुराले कुनै व्यक्तिलाई एक सामूहिक सौदा सम्झौता (यदि लागू भएमा), श्रम तथा उद्योग ब्यूरोको नागरिक अधिकार विभाग वा समान रोजगार अवसर आयोगको अनुरुप रहेको एक औपचारिक गुनासो दर्ता गर्नबाट रोक्ने कार्य गर्दैन। ध्यान दिनुहोस् कि ओरेगन राज्यको कानुनले कुनै पनि आरोपित विभेदकारी दुराचारको आधारमा लिइएको कानुनी कारबाही (विशेषगरी ORS 659A.030, 659A.082 वा 659A.112ले वर्जित गरेकाहरू) उल्लङ्घनको घटनाको पाँच वर्ष भन्दा ढिलो सुरू नहुने गराउन आवश्यक मान्छ। अन्य लागू हुने कानुनहरूको दर्ता गर्ने समय सीमा अझ छोटो हुन सक्छ।

कम्पनीको उत्पीडन, विभेद र प्रतिकार सूचित गर्ने मार्गदर्शनमा श्रम तथा उद्योग ब्यूरो (Bureau of Labor & Industries) को सम्पर्क जानकारी प्राप्त गर्न सकिन्छ।

### *रोड आइल्याण्ड एसोसिएटहरू*

एसोसिएटहरूलाई आन्तरिक रूपमा दाबी सूचित गर्नको निम्ति प्रोत्साहन गरिए पनि, यदि कुनै एसोसिएटले आफूले यौन उत्पीडन भोगेको विश्वास गर्छन् भने, उक्त एसोसिएटले रोड आइल्यान्ड मानव अधिकार आयोग (Rhode Island Commission for Human Rights) मा वा संघीय समान रोजगार अवसर आयोग (Federal Equal Employment Opportunity Commission - EEOC) मा वा कम्पनीको उत्पीडन, विभेद र प्रतिकार सूचित गर्ने मार्गदर्शनमा राखिएका सरकारी एजेन्सी वा एजेन्सीहरूमा राखिएका सम्पर्क जानकारीमार्फत एउटा औपचारिक उजुरी दर्ता गर्न सक्छन्। कम्पनीको उजुरी प्रक्रियाको प्रयोग गर्नुले एक कर्मचारीलाई यी एजेन्सीहरूमा गुनासो दर्ता गर्नबाट वञ्चित गर्ने कार्य गर्दैन।

### *भर्मोन्ट एसोसिएटहरू*

एसोसिएटहरूलाई आन्तरिक रूपमा दाबी सूचित गर्नको निम्ति प्रोत्साहन गरिए पनि, यदि कुनै एसोसिएटले आफूले यौन उत्पीडन भोगेको विश्वास गर्छन् भने, उक्त एसोसिएटले भर्मोन्ट महान्यायधिवक्ताको कार्यालय (Vermont Attorney General's Office) मा वा संघीय समान रोजगार अवसर आयोग (Federal Equal Employment Opportunity Commission - EEOC) मा वा कम्पनीको उत्पीडन, विभेद र प्रतिकार सूचित गर्ने मार्गदर्शनमा राखिएका सरकारी एजेन्सी वा एजेन्सीहरूमा राखिएका सम्पर्क जानकारीमार्फत एउटा औपचारिक उजुरी दर्ता गर्न सक्छन्। कम्पनीको उजुरी प्रक्रियाको प्रयोग गर्नुले एक कर्मचारीलाई यी एजेन्सीहरूमा गुनासो दर्ता गर्नबाट वञ्चित गर्ने कार्य गर्दैन। आरोपित यौन उत्पीडनको भएको मितिको 300 दिन भित्रमा कर्मचारीहरूले माथि उल्लिखित एजेन्सीहरूमा एक लिखित उजुरी दर्ता गर्न सक्छन्।

### *वासिङ्टन एसोसिएटहरू*

यस नीतिमा रहेका कुनै पनि कुराले कुनै व्यक्तिलाई वासिङ्टन राज्य मानव अधिकार आयोगलाई 1-800-233-3247 बाट वा यस वेबसाइट https://www.hum.wa.gov/file-complaint मा गएर एक गुनासो दर्ता गर्नबाट रोक्ने कार्य गर्दैन। थप सहायताका लागि, व्यक्तिहरूले वसिङटन यौन दुर्व्यवहार कार्यक्रमहरूको वासिङ्टन गठबन्धनलाई (360) 754-7583 बाट वा https://www.wcsap.org/contact मा गएर सम्पर्क गर्न सक्छन्।

**परिशिष्ट ख**
**उजुरी प्रक्रिया: बाह्य**

Bath & Body Works को नीतिहरू अनुरुप मात्र उत्पीडन प्रतिबन्धित रहेको छैन। हाम्रा नीतिहरूमा दुराचार भनेर भेटिएका उत्पीडन भएको व्यवहारलाई गैर-कानुनी उत्पीडन भनेर पनि मान्न सकिन्छ, जुन राज्य, संघीय र जहाँ लागू हुन्छ स्थानीय कानुनहरू अनुरूप प्रतिबन्धित गरिएको छ। Bath & Body Works को आन्तरिक प्रक्रियाहरूबाहेक, एसोसिएटहरूले निम्न सरकारी एजेन्सीहरूबाट कानुनी उपचारहरू पनि लिने छनोट गर्न सक्नुहुन्छ:

- समान रोजगार अवसर आयोग (Equal Employment Opportunity Commission - EEOC) लाई 800-669-4000 मा गएर वा निम्न वेबसाइटमा https://www.eeoc.gov/contact-eeoc/

***क्यालिफोर्निया एसोसिएटहरू***

- मानव अधिकार विभाग (Civil Rights Department - CRD) लाई 800-884-1684बाट वा निम्न वेबसाइटमा जानुहोस् https://calcivilrights.ca.gov/l

***कनेक्टिकट एसोसिएटहरू***

- कनेक्टिकट मानव अधिकार र अवसर आयोग (Connecticut Commission on Human Rights and Opportunities) ("आयोग"/"Commission") लाई 860-541-3400, कनेक्टिकट टोल फ्रि 1-800-477-5737मा, वा अनलाइनमार्फत www.ct.gov/CHRO

***इलिनोय एसोसिएटहरू***

- इलिनोय मानव अधिकार विभाग (Illinois Department of Human Rights "IDHR") निम्नमार्फत
    - शिकागो कार्यालय (Chicago Office), 555 W. Monroe St., 7th Floor, Chicago, IL 60661, (312) 814-6200, (866) 740-3953 (TTY), (312) 814-6251 (फ्याक्स)
    - स्प्रिङ्गफिल्ड कार्यालय (Springfield Office), 535 W. Jefferson Street, 1st Floor, Springfield, IL 62702, (217) 785-5100, (866) 740-3953 (TTY), (217) 785-5106 (Fax)
- एसोसिएटहरूले इलिनोय यौन उत्पीडन र विभेद हेल्पलाइन (Illinois Sexual Harassment and Discrimination Helpline)लाई 1-877-236-7703मा पनि सम्पर्क गर्न सक्नुहुन्छ।

***शिकागो एसोसिएटहरू***

- शिकागो मानव सम्बन्ध आयोग (Chicago Commission on Human Relations) 740 N. Sedgwick Street, 4th floor, Chicago, IL 60654 or (312) 744-4111.
- अमेरिकी समान रोजगार अवसर आयोग (United States Equal Employment Opportunity Commission) JCK Federal Building, 230 S Dearborn Street, Chicago, IL 60604, नीजि क्षेत्र मामिलाहरू/प्रवर्तनहरू/संघीय क्षेत्र सुनुवाइहरूको दर्ता (Filing of

Private Sector Charges/Enforcement/Federal Sector Hearings): Suite 1866, मध्यस्थता इकाइ/कानुनी इकाइ (Mediation Unit/Legal Unit): Suite 2920, 1-800-669-4000, 312-588-1260 (फ्याक्स)

*मेइन एसोसिएटहरू*

- मेइन मानव अधिकार आयोग (Maine Human Rights Commission), 51 State House Station, Augusta, ME 04333-0051, फोन: 207-624-6050, TTY/TTD: 207-624-6064, FAX: 207-624-6063

*म्यासेच्युसेट्स* एसोसिएटहरू

- विभेदको विरुद्ध म्यासेच्युसेट्स आयोग (Massachusetts Commission Against Discrimination - MCAD)लाई निम्नमा:
    - One Ashburton Place, Rm 601, Boston, MA 02108 वा (617) 994-6000.
    - 436 Dwight Street, Room 220, Springfield, MA 01103 वा (413) 739-2145
    - Denholm Building, 484 Main Street, Room 320, Worcester, MA 01608 वा (508) 453-9630
- संघीय (Federal) समान रोजगार अवसर आयोग (Equal Employment Opportunity Commission - EEOC) John F. Kennedy Federal Building, 15 New Sudbury Street, Room 475, Boston, MA 02203, (800) 669-4000 वा (800) 669-6820 TTY

*न्युयोर्क एसोसिएटहरू*

- न्युयोर्क राज्य मानव अधिकार विभाग (New York State Division of Human Right-DHR), One Fordham Plaza, 4th Floor, Bronx, NY 10458 or 1-800-HARASS-3 (1-800-427-2773) वा निम्न वेबसाइटमा जानुहोस् https://dhr.ny.gov/complaint

*न्युयोर्क शहर एसोसिएटहरू*

- NYC मानव अधिकार आयोगको कानुन प्रवर्तन ब्युरो (Law Enforcement Bureau of the NYC Commission on Human Rights), 22 Reade Street, 3rd Floor, New York, New York 10007; कल 311 वा (212) 306-7450; वा निम्न वेबसाइटमा जानुहोस् *www.nyc.gov/html/cchr/html/home/home.shtml*

*ओरेगन एसोसिएटहरू*

- श्रम तथा उद्योग ब्यूरो (Bureau of Labor & Industries - BLI) at 800 NE Oregon St., Suite 1045, Portland, OR 97232, (971) 673-0761 वा निम्न वेबसाइटमा गएर https://www.oregon.gov/boli/workers/Pages/employment-discrimination-questionnaire.aspx

*रोड आइल्यान्ड एसोसिएटहरू*

- रोड आइल्यान्ड मानव अधिकार आयोग (Rhode Island Commission for Human Rights), 180 Westminster Street, 3rd Floor, Providence, RI 02903, (401) 222-2661 वा निम्न वेबसाइटमा गएर http://www.richr.ri.gov/filecharge/index.php

*भर्मोन्ट एसोसिएटहरू*

- भर्मोन्ट महान्यायाधिवक्ताको कार्यालय, नागरिक अधिकार इकाइ (Vermont Attorney General's Office, Civil Rights Unit), 109 State Street, Montpelier, VT 05609 वा (802) 828-3657 (आवाज/TDD)

## *वासिङ्टन एसोसिएटहरू*

- वासिङ्टन राज्य मानव अधिकार आयोग (Washington State Human Rights Commission) वा निम्न वेबसाइटमा गएरhttps://www.hum.wa.gov/file-complaint।

## *वासिङ्टन डिसि एसोसिएटहरू*

- मानव अधिकारको कार्यालय (Office of Human Rights - OCR) लाई (202) 727-4559मा वा निम्न वेबसाइटमा गएर https://ohr.dc.gov/service/file-discrimination-complaint

यदि तपाईं यी एजेन्सीहरू मार्फत उजुरी दर्ता गर्न चाहनुहुन्छ भने उनीहरूका प्रक्रिया र समयसीमाहरूका बारेमा थप जानकारी प्राप्त गर्नका लागि तपाईंले उनीहरूलाई सिधा सम्पर्क गर्नुपर्छ।